# हामी, महिला पानी हौं अभियान २०२१

आफ्नो सामाजिक सञ्जालमा महिला पानी रक्षकहरुको आवाज व्यापक बनाऔं

जलवायु परिवर्तनको परिप्रेक्षमा पानीको सुरक्षा सुनिश्चित गर्नमा महिलाहरुको भूमिका, माग र क्रियाकलापहरुमाथि प्रकाश पार्न अन्तर्राष्ट्रिय महिला दिवस (मार्च ८) देखि विश्व पानी दिवस (मार्च २२) सम्म हामीसँग सहभागी हुनुहोस् ।

हामीले अफ्रिका, एसिया र ल्याटिन अमेरिकामा ग्लोबल एलायन्स फर ग्रिन एण्ड जेन्डर एक्सन (गागा)ले सहयोग पु¥याइरहेको समुदायहरुमा केन्द्रित एउटा वा दुई वटा कथाहरु हरेक दिन सामाजिक सञ्जालमा पोस्ट गर्नेछौं । दोहन कार्य, गलत जलवायु समाधान र कृषिजन्य उद्योगहरुमा संलग्न कम्पनी, सरकार र लगानीकर्ताहरुको कार्यले ती समुदायका पानीका स्रोतहरु सुक्न गएको वा प्रदुषित भएको अवस्था छ ।

यसको उद्देश्य महिलाहरुको नेतृत्वमा समुदायमा आधारित संगठन र अभ्यासहरुको उत्थानशिलता माथि प्रकाश पार्नुका र ती कम्पनी, सरकार र लगानीकर्ताहरुलाई उनीहरुका कार्यले कसरी समुदायमा पानी असुरक्षा र प्रदुषण फैलाउने काम गरिरहेको छ भन्ने बारे सचेत गराउनु रहेको छ । संयुक्त रुपमा ती कम्पनी, सरकार र लगानीकर्ताहरुसमक्ष हामी निम्नलिखित माग गर्दछौं ः

- महिलाहरुको पानीसम्बन्धी अधिकारको उल्लङ्घन गर्ने जीवावशेष इन्धनसम्बन्धी उद्योगहरुमाथि लगानी हटाउने ।
- लैङ्गिक रुपमा न्यायपूर्ण समाधानहरुमार्फत महिलाहरुको पानीसम्बन्धी अधिकार प्रत्याभूत गर्ने । समाधानहरु महिला, आदिवासी र स्थानीय समुदायहरको योगदान, सहमति र नियन्त्रणसहित दिगो र साँस्कृतिक रुपमा उपयुक्त हुनुपर्छ ।
- पानीको पहुँच, व्यवस्थापन र शासनमा महिलाहरुको माग, आवश्यकता, अभ्यास र प्रस्तावहरु समावेश गर्ने ।

हाम्रा मागहरु परिचित बनाउन यसलाई पोस्ट, शेयर र प्रचारप्रसार गर्नुहोस् । हाम्रो अभियानको पूर्ण वक्तब्य बहसा इन्डोनेसिया, अंग्रजी, फ्रेन्च, ग्रेगोरियन, नेपाली, हिन्दी, पोर्चुगिस, स्पेनिश र तागलोग भाषाहरुमा हेर्न सक्नुहुन्छ ।

तल तपाईंले पोस्टिङ्ग क्यालेण्डर, सामाजिक सञ्जालका सन्देशहरु र ग्राफिक्स्का लिङ्कहरु प्राप्त गर्नसक्नुहुन्छ । ग्राफिक्स्हरु गुगल स्लाइड्समा राखिएका छन्, जसले गर्दा तपाईंले आफ्नो सन्दर्भ अनुसार बनाउँदै आफ्नो भाषामा र लोगोका साथ सन्देशहरु राख्न सक्नुहुन्छ । यो सामाजिक संजालसम्बन्धी टुलकिट बहसा इन्डोनेसिया, अंग्रजी, फ्रेन्च, ग्रेगोरियन, नेपाली, हिन्दी, पोर्चुगिस, स्पेनिश र तागलोग भाषाहरुमा हेर्न सक्नुहुन्छ ।

कुनै प्रश्न भएमा, गागा सञ्चार रणनीतिज्ञ, रानी रोबेलुसलाई GAGGAcommunication@fcmujeres.org मा इमेल गर्नसक्नुहुन्छ ।.

## ह्यासट्यागहरु

**#WeWomenAreWater**
#WaterIsaHumanRight
#KeepItInTheGround
#GenderJustice
**#MujeresSomosAgua**
#DefendTheDefenders
#ClimateJustice
#ShiftThePower
#WHRD
#SheDefends
#Divest / #DivestFossils

मार्च ८ : #IWD2021 #InternationalWomensDay
मार्च १४, बाँधका विरुद्ध र नदिहरुका लागि कदम चालिने अन्तरास्ट्रिय दिवस #RiversUniteUs
मार्च १९, ग्लोबल क्लाइमेट स्ट्रायिक #FaceTheClimateEmergency #NoMoreEmptyPromises #GlobalClimateStrike
मार्च २१: #InternationalDayOfForests
मार्च २२: #WorldWaterDay

ट्वीटरमा हामीलाई @GAGGA_Alliance मा ट्याग गर्नुहोस् र हामी तपाईंको पोस्ट रिट्विट गर्नेछौं ।

## ग्राफिक्सहरु

तपाईंको ट्वीटर हेडरका लागि अभियानको तस्विर **English** यहाँ डाउनलोड गर्नुहोस ।
तपाईंको फेसबुकको कभर फोटोका लागि अभियानको तस्विर **English** यहाँ डाउनलोड गर्नुहोस ।

अभियाससम्बन्धी सबै ग्राफिक्सहरु प्राप्त गर्न यहाँ **here** क्लिक गर्नुहोस्, र त्यसलाई तपाईंले आफ्नै सन्दर्भ अनुसार बनाउन सक्नुहुन्छ ; महिला, पानी र जलवायु परिवर्तनसँग सम्बन्धित सन्देशहरु आफ्नै भाषामा राख्न, र आफ्नो संस्थाको लोगो राख्नसक्नुहुन्छ । तपाईंले सन्देशहरुलाई तल दिइएको पोस्टिङ्ग क्यालेण्डरमा वा यस दस्तावेजको अन्तिममा दिइएको वैकल्पिक सन्देश प्रवाहमा प्रयोग गर्नसक्नुहुन्छ । दुर्भाग्यवश सबै कथाहरु चित्रित गर्न सकिएन तर यी उदाहरणहरुमा हामीले फोटो उपलब्ध गराएकाछौं ।

## पोस्टिङ्ग क्यालेण्डर

| कथाको लिङ्क | प्रस्तावित सन्देश | ग्राफिक्स् | मिति र समय |
|---|---|---|---|
| Campaign statement | जलवायु परिवर्तनको परिप्रेक्षमा पानीको लडाईँमा महिलाहरुको भूमिका, माग र क्रियाकलापहरुमाथि प्रकाश पार्न मार्च ८ देखि २२ सम्मको हाम्रो अभियानमा हामीलाई साथ दिनुहोस् । सरकार, कम्पनी र लगानीकर्ताहरुले समुदायका पानीका स्रोतहरु सुकाउने र प्रदुषित गरिदिने कार्य गरेको धेरै भयो । (१/२)<br><br>हाम्रा मागहरुलाई उनीहरुले सम्बोधन गर्ने समय आएको छ ः<br><br>💸 जीवावशेष इन्धनको प्रयोग हटाउने<br>♀ लैङ्गिक रुपमा न्यायपूर्ण जलवायु समाधानहरु लागु गर्ने<br>🚰 महिलका प्रस्तावहरु समावेश गर्ने<br><br>आधारभूत मानवअधिकारका रुपमा रहेको पानीमा पहुँचको अधिकार सबैले पाएको सुनिश्चित गर्न यसलाई प्रचारप्रसार गर्नुहोस्  र सहभागी हुनुहोस् ।<br><br>#हामीमहिलापानीहौँ<br><br>http://bit.ly/3bUOaSQ<br><br>*(ग्राफिक मा ट्याग गर्नुहोस् ः @GAGGA_Alliance)* | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च ५ /८<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Honduran women weave a fabric of solidarity in the face of extractivism | महामारीको समयमा इटा र लोटा चक्रवातको निशानामा परेपछि होण्डुरसको सुला उपत्यकाका महिलाहरुले बहुराष्ट्रिय आक्रमण तथा कब्जाको मुटुका रुपमा धेरै लामो समय रहेको सो क्षेत्रमा जलविद्युत आयोजना प्रतिरोधको कार्यक्रममा निरन्तरता दिए ।<br><br>#हामीमहिलापानीहौँ #IWD2021 | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च ८<br>अन्तरास्ट्रिय महिला दिवस<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन |

| | | | |
|---|---|---|---|
| | http://bit.ly/3sNxDXB<br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fcmujeres @GAGGA_Alliance )*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @mas.sb.hn @fcmujeres) | | समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Women restore mangrove forests in the Niger Delta (Nigeria) | नाइजर डेल्टामा अवस्थित विश्व तेस्रो ठूलो मैंग्रोभ वन क्षेत्रले परम्परागत रेनफरेस्ट भन्दा ४ गुणा बढी कार्बन भण्डारण गर्छ तर तल पोखिने कार्य र निमा पामका कारण अर्को ५० बर्षमा त्यो हराएर जाने सम्भावना रहेको छ । ती महिलाहरुले त्यसबारेमा केही काम गरिरहेका छन् । 🌱 #हामीमहिलापानीहौं<br><br>http://bit.ly/3rh8Mv0<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@GAGGA_Alliance @lokiakawomen @MamaCash )*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@Lokiaka Centre, @Mama Cash)*<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@mamacashfund)* | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च ९<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Women in South Africa: Water a fundamental right in the time of COVID-19 (South Africa) | दक्षिण अफ्रिकाको एउटा सुख्खाग्रस्त क्षेत्रमा रहेको अधिकांश पानी स्थानीय कोइला खानीहरुमा आपूर्ति गरिएको छ, र त्यसले समुदायहरुको पानीको धारा र नदिनालाहरु सुकाउने काम गरेको छ । पानीसम्बन्धी ती जरुरी मागहरुको सम्बोधन गर्न नागरिक समाजका संस्था र २०० वटा ग्रामीण समुदायका महिलाहरुले आफ्नो सरकारलाई आह्वान गरिरहेका छन् । 👇<br><br>http://bit.ly/3bfj4q3<br><br>#हामीमहिलापानीहौं<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@WoMin_Africa @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@womin.africa)*<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@womin.africa)* | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च १०<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| The women defending life amid the flames in Bolivia's Chiquitania | डढेलोले ध्वस्त बनाएको बोलिभियाको चिकुइटानियामा न्यून मात्रामा रहेको पानीका स्रोतहरु पनि कृषिजन्य उद्योगीको स्वार्थ र राज्यको असफलताका कारण नष्ट हुनपुग्यो । वनमा लागि रहेको आगोका बीच जीवन रक्षा गरिरहेका महिलाहरुले पानीमा पहुँच, पानीका स्रोतको पुनस्थापना र जथाभावी रुख काट्ने कार्यको अन्त्यको माग गरिरहेका छन् । #हामीमहिलापानीहौं | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च ११,<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा |

| | | | |
|---|---|---|---|
| "We're not going to eat eucalyptus": Qom women organize to preserve their territory (Paraguay) | (ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@ColectivoCasa @Fondo_ApthapiJ @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@ColectivoCASABolivia* @fondodemujeresbolivia*)*<br><br>मसलाको रुखको व्यावसायिक वालीले पानीको स्रोतलाई जोखिममा पारेपछि, प्याराग्वेका कलाकार महिलाको संगठनले उनीहरुको परम्परागत वनलाई नष्ट गर्नबाट जिम्मेवार संस्थाहरुलाई अस्थायी रुपमा रोक्न सफल भए । #हामीमहिलापानीहौँ<br><br>http://bit.ly/3bZRSdY<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur )*<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur )* | ग्राफिक here यहाँ हेर्नुहोस् । | ४५ मिनेट नेपाली समय |
| Mount Slamet women fight against polluting geothermal project (Indonesia) | इण्डोनेसियाको जाभास्थित समुदायहरुको जीविकोपार्जन झरना र खोलामा निर्भर थियो तर एउटा जिओथर्मल उर्जा परियोजनाले पानी धमिलो बनाइदिएपछि उनीहरुको आयको स्रोत बन्द भएको वा आफ्नो रोजगार परिवर्तन गर्न बाध्य भएको अवस्था छ । सो परियोजना बन्द गर्न महिलाहरुले माग गरिरहेका छन् । #हामीमहिलापानीहौँ http://bit.ly/3t0WJT4<br><br>(ट्ग्राफिक मा ट्याग गर्नुहोस् ः *@GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @aksiforjustice*)* | ग्राफिक here यहाँ हेर्नुहोस् । | मार्च १२, ११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Gold mining in Mazvihwa (Zimbabwe) | जिम्बाब्वेको एउटा सुख्खा क्षेत्रमा समुदायहरुका लागि रहेको एउटा मात्र पानीको स्रोत सुन खानीबाट निस्कने रसायनबाट प्रदुषित हुनपुगेको छ । स्वच्छ खानेपानीमा पहुँच प्राप्त गर्न महिलाहरुले कलको मर्मत गर्दैछन् र नयाँ कल जडानका लागि स्थानीय खानी सञ्चालकहरुसँग पैरवी गर्दैछन् । #हामीमहिलापानीहौँ http://bit.ly/3rHKzOP<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@IAFN_RIFA @GAGGA_Alliance )* | ग्राफिक here यहाँ हेर्नुहोस् । | मार्च १३ ११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |

| | | | |
|---|---|---|---|
| | (फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @RedInternacionaldeForesteriaAnaloga @MuondeTrust)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @foresteria_analoga) | | |
| Yumao women lead resistance against Rositas dam (Bolivia)<br><br><br><br><br><br><br><br><br><br><br>Q'eqchi' women defend the "blood of the earth" (Guatemala) | बोलिभियाको रोसिटास जलविद्युत परियोजनाका कारण ४० हजार हेक्टर वन क्षेत्र डुबानमा पर्ने अनुमान गरिएको छ, र त्यसबाट ५०० ग्रामीण परिवारहरु प्रभावित हुनेछन् । स्थानीय महिलाको नेतृत्वका कारण दायर भएको मुद्दाका कारण सो परियोजना अस्थायी रुपमा स्थगित भएको छ । #हामीमहिलापानीहौं #नदीलेहामीलाईएकबनाउछ #DayofAction2021 #RightsofRivers<br><br>http://bit.ly/3sGkgsi<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @fundo_casa @SemillaBOLIVIA @GAGGA_Alliance)<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @fundocasasocioambiental )<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @fondosocioambientalsemilla @fundocasasocioambienta)<br><br><br>ग्वाटेमालाको सान्टा मारिया काहाबोँका क्वेची समुदायका महिलाहरु जलविद्युत परियोजनाहरु विरुद्धको लडाईंको अग्रपंक्तिमा रहेका छन्, किनभने त्यसले उनीहरुको पानीको मुख्य र पवित्र स्रोतका रुपमा रहेको नदीहरुलाई मार्ने काम गरिरहेको छ । सामुदायिक अगुवाका रुपमा उनीहरु सङ्घर्षमा रहेको उनीहरु विरुद्ध मुद्दा लगाइएको छ र उनीको कार्यलाई अपराधीकरण गरिएको छ । #हामीमहिलापानीहौं #नदीलेहामीलाईएकबनाउछ http://bit.ly/38BcN6b #DayofAction2021 #RightsofRivers<br><br><br>(ग्राफिक मा ट्याग गर्नुहोस् ः @CMadreSelva @GAGGA_Alliance )<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @MadreSelvaColectivo) | ग्रफिक here यहाँ हेर्नुहोस् ।<br><br><br><br><br><br><br><br><br><br>ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च १४, बाँध विरुद्ध र नदिका लागि अन्तरास्ट्रिय दिवस,<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Adivasi women stand up to Zawar Zinc Mine (India) | भारतको जवार खानी क्षेत्र नजिकै बसोबास गर्ने आदिवासी महिलाहरुले आफ्नो क्षेत्रमा पानी कालो हुन गई त्यसले बाली उपज कम हुनको साथै स्वास्थ्यसम्बन्धी समस्याहरु निम्त्याएको देखे । आफ्नो अधिकारका बारेमा बुझ्न र त्यसका लागि आवाज उठाउन उनीहरु स्वयं संगठित र परिचालित भए । | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च १५,<br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा |

| | | | |
|---|---|---|---|
| | #हामीमहिलापानीहौंr http://bit.ly/3vjDFkR<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@DhaatriC @GAGGA_Alliance @WomenWama* )<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @dhaatrirc)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @dhaatrirc) | | ४५ मिनेट नेपाली समय |
| Rural young feminists in Guatemala use art to protect the Montagua River | वन विनाश, उत्खनन् र नगरपालिकाको गलत व्यवस्थापनले ग्वाटेमालाको मोन्टागुवा नदी नष्ट गरिरहेको छ । सो नदीको साथै सो क्षेत्रका महिला तथा युवाहरुको संरक्षण गर्न ग्रामीण युवा नारीवादीहरुले कला र सामुदायिक संगठनको प्रयोग गरिरहेका छन् । #हामीमहिलापानीहौं http://bit.ly/3tnjC39<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@GAGGA_Alliance* @FRIDAfund)<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @FRIDAfund @adejumizabal1)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fridafund @adejumizabal1)* | ग्राफिक here यहाँ हेर्नुहोस् । | मार्च १६<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Women in Mongolia's Gobi Desert unite to stop coal mines | मङ्गोलियाको ओम्नोगोभी प्रान्तमा सञ्चालित कोइला खानीहरुले कोइलाबाट सल्फर अलग गर्न खानेपानीको प्रयोग गरे, जसले गर्दा १४ वटा स्थानीय नदीहरु हराएर गए । २०० प्रभावित परिवारहरुलाई प्रतिनिधित्व गर्ने महिला नेतृत्वका समूहहरुले त्यसमाथि अस्थायी रुपमा रोक लगाउन सफल भए ।<br>#हामीमहिलापानीहौं http://bit.ly/3cAwXhQ<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@MONES2000 @GAGGA_Alliance )*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @MongolianWomensFund)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@mones2000)* | ग्राफिक here यहाँ हेर्नुहोस् । | मार्च १७<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| ~~Women resist hydropower in Sikkim, India~~ | ~~भारतको उत्तरपूर्वी हिमाली क्षेत्रका आदिवासी लेप्चा समुदायहरुले बाँधहरु रोक्ने काम गर्दै आएका छन् र हाल उनीहरु आफूले पूजा गर्ने हिमाल र नदीमाथि जोखिम निम्त्याउने परियोजनामा केन्द्रित छन् । सो क्षेत्र युनेस्कोे विश्व सम्पदामा पनि सुचीकृत रहेको छ ।~~<br>~~#हामीमहिलापानीहौं [link]~~<br><br>~~(ग्राफिक मा ट्याग गर्नुहोस् ः @WomenWama @GAGGA_Alliance)~~ | ~~ग्राफिक~~ here ~~यहाँ हेर्नुहोस् ।~~ | मार्च १८<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |

| | | | |
|---|---|---|---|
| Seismic activity in the Amazon basin of Northern Bolivia<br><br><br><br><br><br><br><br><br><br>Entre Rios River polluted by oil activities (Bolivia) | बोलिभियाको एमेजोन तटीय क्षेत्रमा भइरहेको तेल उत्खनन्का कारण तालहरु सुक्ने र तापक्रम बढ्ने भई स्थानीय समुदायको खानाको मुख्य स्रोतका रुपमा माछाहरु मरिरहेका छन् । पानीसम्बन्धी आफ्ना मागहरु अघि सार्दै आदिवासी महिलाहरु एकताबद्ध भइरहेका छन् । #हामीमहिलापानीहौँ #NoMoreEmptyPromises<br>[Link]<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@FAU_LAC @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @FondoAccionUrgenteLAC)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @FondoAccionUrgenteal)<br><br><br>बोलिभियाको अन्त्रे रिओसका महिलाहरुले पानीको संकट र तेलका कारण प्रदुषित पानीको सामना गर्नु परेको कारण पानीको कुशल प्रयोग र व्यवस्थापनसम्बन्धी तालिम र जनचेतना अभिवृद्धि कार्यक्रमहरु आयोजना गर्नुका साथै पानी संकलन तथा भण्डारण टंकीहरुको निर्माण गरिरहेका छन् । #हामीमहिलापानीहौँ http://bit.ly/3vDt9Fe<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur)*<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@fmujeresdelsur)* | Find the graphic here<br><br><br><br><br><br><br><br><br><br>ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च १९, भावी जलवायु न्यायका लागि शुक्रबारहरु, विश्वब्यापी बिरोध<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Chorti women fight for ownership of their ancestral land (Guatemala)<br><br><br><br><br><br><br><br>The women of Villa Montes are proposing municipal water laws (Bolivia) | ग्वाटेमालाका आदिवासी छोर्टी समुदायले १७ बर्षदेखि उनीहरुका पुर्खा र हाल उनीहरु बसोबास गर्दै आएको भूमिको स्वामित्व माग गरिरहेका छन् । कृषक र सरकारका कारण पानीको पहुँचबाट बञ्चित यो समुदायले अन्य समाधानहरुको अवलम्बन गरिरहेको छ । #हामीमहिलापानीहौँ http://bit.ly/3cIq6Tq<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः *@TierraVivagt @GAGGA_Alliance)*<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @TierraVivaGuatemala)<br><br><br>महामारीको समयमा पानीको अभाव र हाइड्रोकार्वन प्रदुषण विरुद्ध बोलिभियाको भिला मोन्टेसका महिलाहरुले परिवारहरुलाई बर्षाको पानी संकलन गर्ने व्यवस्था गरिदिन नगरपालिकाको सार्वजनिक नीतिको प्रस्ताव गरेका छन् । . #हामीमहिलापानीहौँ http://bit.ly/3cVG5Oq<br><br>(ग्राफिक मा ट्याग गर्नुहोस् ः *@GAGGA_Alliance @ccimcattarija)* | ग्रफिक here यहाँ हेर्नुहोस् ।<br><br><br><br><br><br><br><br>ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च २०<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |

| | | | |
|---|---|---|---|
| | (फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @ccimcat)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः ccimcat_org) | | |
| Protecting the Madre de Dios forest that gives us water (Peru) | पेरुको मार्द डे डियोस रेनफरेस्टका रुखहरुले लाखौं व्यक्तिलाई पानी उपलब्ध गराउने पानीको चक्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्छन् । बढीरहेको काष्ठ उद्योगबाट जोखिममा परेका ती रुखहरुलाई महिलाहरुको नेतृत्वमा सञ्चालित आरबिओ नामक @ArbioPeruसंस्थाले संरक्षण गर्ने काम गरेको छ ।  #हामीमहिलापानीहौँ #अन्तरराष्ट्रिय वन दिवस<br><br>http://bit.ly/389eS9e<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @GAGGA_Alliance @IAFN_RIFA @ArbioPeru)<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @RedInternacionaldeForesteriaAnaloga)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @foresteria_analoga @ArbioPeru) | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च २१, अन्तरराष्ट्रिय वन दिवस<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |
| Extractive industries' impact on the Mahakam River (Indonesia) | इण्डोनेसियामा दोस्रो ठूलो नदी वरपर रहेका धान खेतहरु कोइला खानीमा परिणत भएका छन्, र स्थानीय सहर वरिपरि रहेका कोइला खानीका २०० वटा वेवारिसे खाडलहरुमा डुबेर बालबालिकाहरुको मृत्यु भएको छ । सरकारविरुद्ध कानुनी कारवाही चाल्न महिलाहरु एकताबद्ध भइरहेका छन् ।   .<br>#हामीमहिलापानीहौँ  #WorldWaterDay [link]<br><br>(ट्वीटरमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @jatamnas @WomenWama @GAGGA_Alliance )<br>(फेसबुकमा ग्राफिक मा ट्याग गर्नुहोस् ः @JaringanAdvokasiTambang)<br>(इन्स्टग्राममा ग्राफिक मा ट्याग गर्नुहोस् ः @jatamnas) | ग्रफिक here यहाँ हेर्नुहोस् । | मार्च २२, विश्व पानी दिवस,<br><br>११ देखि ४ बजे सेन्ट्रल युरोपियन समय)+४ घण्टा ४५ मिनेट नेपाली समय |

वैकल्पिक सामाजिक सञ्जाल सन्देशहरु

- ग्राफिक्स्हरुलाई तपाईंको सन्दर्भ अनुसार बनाउन सकिन्छ, र त्यसकारण महिला, पानी र जलवायु सुहाउँदो तपाईंका सन्देशहरुलाई समावेश गर्न सक्नुहुन्छ । तपाईंले प्रयोग गर्न सक्ने केही सन्देशहरु निम्नलिखित रहेका छन् ः
- जीवावशेष इन्धनको सट्टा लैङ्गिक रुपमा न्यायपूर्ण सामाधानहरुमा लगानी गरौं (तपाईंले जीवावशेष इन्धनको ठाउँमा आफ्नो सन्दर्भ अनुसार गलत जलवायु समाधानहरु, जलविद्युत, जिओथर्मल, कृषिजन्य उद्योग आदि राख्नसक्नुहुन्छ ।)

- त्यसलाई जमिनमाथि राख्नुहोस, हाम्रो पानी भन्दा बाहिर राख्नुहोस् ।
- पानी मानवअधिकार हो ।
- समय अहिले हो – सबैका स्वच्छ खानेपानीमा पहुँच ।
- पानी र लैङ्गिक न्याय साकार बनाउँ ।
- जलवायु परिवर्तनको प्रभाव हाम्रो वन, हाम्रो भूमि र हाम्रो पानीमा देखापरिरहेको छ –जीवावशेष इन्धनमा लगानी नगरौं, लैङ्गिक रुपमा न्यायपूर्ण समाधानहरुमा लगानी गरौं ।
- महिला, आदिवासी र स्थानीय समुदायहरुको योगदान, सहमति र नियन्त्रणमा लैङ्गिक रुपमा न्यायपूर्ण जलवायु समाधानहरुमा तत्काल लागु गरौं ।
- महिलाहरुको पानीको हक तत्काल प्रत्याभूत गरौं । महिलाहरुको माग, आवश्यकता र प्रस्तावहरुलाई पानीको पहुँच, व्यवस्थापन र शासनमा समावेश गरौं ।
- जलवायु परिवर्तन र कोभिड–१९ले सबैका लागि पानी सुरक्षाको महत्व दिनुपर्ने आवश्यकतालाई उजागर गरेको छ ।
- संयुक्त राष्ट्रसङ्घ अनुसार, विश्वभरी हरेक ५ जनामा २ जनासँग घरमा साबुन पानीले हात धुने सुविधा छैन । कोभिड–१९ को परिप्रेक्षमा, हात धुनु महत्वपूर्ण रहेको हुँदा सबैको पानीमाथिको हकलाई सुनिश्चित गर्नु अति जरुरी भएको छ ।
- विश्वव्यापी उष्णतालाई २ डिग्री सेन्टीग्रेड मूनि राख्ने प्रयास भएन भने सन् २०५० सम्ममा पानीसम्बन्धी तनावको सामना गर्ने व्यक्तिहरुको संख्या दोब्बर हुनसक्नेछ । जीवावषेश इन्धनमाथिको लगानी बन्द गरौं ।
- हरेक ३ जना व्यक्तिमा करिव २ जनाले बर्षको कम्तीमा पनि एक महिला पानीको अभावको सामना गर्नुपर्छ । पानीका स्रोतहरुको दिगो र समतामूलक व्यवस्थापन टडकारो भइसकेको छ ।
- जलवायु परिवर्तन र अनुकूलनका लागि सुधारिएको जल व्यवस्थापन अति महत्वपूर्ण छ । विश्वभरी पानीसम्बन्धी ७० प्रतिशत जिम्मेवारी महिलाहरुको हुने भएकाले पानीको पहुँच, व्यवस्थापन र शासनमा उनीहरुले केन्द्रिय भूमिका निर्वाह गर्नसक्छन् ।